

बाल सन्दर्भसामग्री

बालबोध - ३६

# केही धार्मिक तथा साँस्कृतिक सम्पदाहरु

(केही नमुना कलाकृतिहरू)



306.092
JOS-k
2056

बाल सन्दर्भसामग्री

बालबोध - ३६

306.092
J03-R
2059

# केही धार्मिक तथा साँस्कृतिक सम्पदाहरू

(केही नमुना कलाकृतिहरू)

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

**प्रकाशक :** श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

**लेखन :** सत्यमोहन जोशी

**चित्राङ्कन :** राजुबाबु शाक्य

**आवरणविन्यास :** गौतम मानन्धर

**सामग्री विकास संयोजन :** हर्कप्रसाद श्रेष्ठ

AC 1047

सर्वाधिकार प्रकाशकमा सुरक्षित

पहिलो संस्करण : २०५९ साल

छपाइ प्रति : २८,०००

मुद्रण : एपोलो अफसेट प्रेस, काठमाडौँ

# प्राक्कथन

पाठ्यक्रम विकास केन्द्रले शिक्षाको गुणस्तर वृद्धिका लागि चलाएका विविध कार्यक्रममध्ये बाल सन्दर्भसामग्रीको प्रकाशन पनि एक हो । पाठ्यपुस्तकबाट प्राप्त हुन नसकेका पाठ्यक्रमका उद्देश्यलाई प्राप्त गरी आफ्नो ज्ञान, सीप वा अभिवृत्तिको विकास गर्न प्राथमिक तहका विद्यार्थीहरू सक्षम होऊन् र अन्ततः व्यक्तिमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन भइ सिर्जनशील नागरिकको विकास हुन सकोस् भन्ने यस कार्यक्रमको मूल उद्देश्य रहेको छ ।

प्राथमिक तहका केटाकेटीका लागि जिज्ञासा पैदा गर्ने, रुचि बढाउने र चाख मानीमानी पढेर प्रेरणा लिने प्रकारको सामग्रीको खाँचोलाई पूरा गराउन पनि यो प्रकाशन-माला चलाइएको हो । यसले पूरक पाठयपुस्तकको काम पनि गरोस्, मनोरञ्जन पनि देओस्, पठन प्रवृत्ति पनि बढाओस् भन्ने प्रयोजन पूरा गराउने वस्तु, भाषा-शैली र प्रस्तुतिको छनोट गर्न खोजिएको छ, जसले पढ्ने रुचिलाई बढाई विद्यार्थीहरूलाई विद्याव्यसनी बनाउन सकोस् र हरेक क्षण र कामलाई शिक्षापरक ढङ्गमा हेर्ने बानी बसालोस्, अनि हाम्रा भोलिका नागरिक सभ्य, शिष्ट र अनुशासित बनून्, त्यसो भएमा नै आजका प्रयत्नहरूको सार्थकता पनि रहन्छ ।

यसअघि विगतका वर्षहरूमा विभिन्न अठ्ठाईस शीर्षकका सामग्री प्रकाशित भइसकेका छन् । यस वर्षका दस शीर्षक समेत अवं तीन दर्जन भन्दा बढी शीर्षकमा साग्रीको प्रकाशन भएको छ । सामग्रीमा सामान्यतया कथा, कविता, जीवनी जस्ता विधाको समावेश भए पनि विविधताका लागि प्रशस्त प्रयत्न गरिएको छ र यसलाई अरू विविधतायुक्त बनाउने प्रयास पनि भइरहेको छ ।

हाम्रो यस प्रयासमा सामग्रीको लेखन/सम्पादन गरेर, चित्र बनाएर, सल्लाह दिएर वा अन्य प्रकारले सहयोग गर्ने सम्पूर्ण महानुभावहरूप्रति पाठ्यक्रम विकास केन्द्र हार्दिक कृतज्ञता प्रकट गर्दछ र हाम्रो यस कार्यलाई फलदायी र गुणस्तरीय पार्न यसका पाठक, लेखक तथा शिक्षक, अभिभावक, समस्त बुद्धिजीवी र शिक्षाविद्वाट सल्लाह र सुझावको अपेक्षा सदाझैं राखेको कुरा विनम्रतापूर्वक ज्ञापित गर्दछौं ।

शिवप्रसाद सत्याल
महानिर्देशक
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

२०५९

# विषयक्रम


१. तलेजुको गगनचुम्बी देवल — १

२. पाटनको कृष्ण मन्दिर — ४


३. हिरण्यवर्ण महाविहार — ७


४. विष्णुविक्रान्तको अनुपम मूर्ति — १०


५. अशोक सतम्भ — १४


६. श्वेत चैत्य — १६












# १ तलेजुको गगनचुम्बी देवल



नेपाल मण्डल (अहिलेको काठमाडौं उपत्यका) मा शासन गर्ने उहिलेका मल्ल राजाहरू तलेजु भवानीलाई इष्टदेवीको रूपमा खूब मान्थे । त्यसबेला तलेजु भवानीको मूलथलो भक्तपुरमा थियो । काठमाडौंमा तलेजु भवानीको देवल कसरी बन्यो भन्ने सम्बन्धमा एउटा कथा नै छ ।

कान्तिपुरमा बस्ने राजा महेन्द्रमल्ल तलेजु भवानीको दर्शन गर्न दिनहुँ भक्तपुर जाने गर्थे । एकदिन राजालाई सपनामा तलेजु भवानीले भनिछन्, "हे राजा, तिमीले मेरो सेवा गरेको देखेर म अति प्रसन्न भएँ । अब तिमीले धेरै दुःख गरेर मकहाँ धाइरहन्नु पर्दैन । तिमीले आफू बसेकै कान्तिपुर (काठमाडौं) नगरमा मेरो लागि एउटा देवल बनाउन लाउनू । बरु त्यो नयाँ बन्ने देवल गगनचुम्बी होस् । त्यहाँबाट भक्तपुर छर्लङ्ग देखिने होस् ।"



सपनामा वाणी भएबमोजिम राजा महेन्द्र मल्लले मखन टोलमा तारिणीदेवीको होचो मन्दिरनेर तलेजु भवानीको विशाल मन्दिर बनाउन सुरु गरे। आफूनजिकै गगनचुम्बी देवल बन्न लागेको तारिणीदेवीले सहन सकिनन् रे। ती देवीले तलेजु भवानीको बन्दै गरेको देवल रातीराती भत्काइदिने गर्न लागिन्। देवलको यस्तो दुर्दशा हुने गरेको देखेर राजा र देवल बनाउने कालिगड र ज्यामीहरू छक्क परे।

पछि तारिणीदेवी रिसाउनका कारण राजाले थाहा पाए । उनले ती देवीको होचो मन्दिरमा २१ ओटा सुनका गजुरहरू चढाए । तारिणीदेवीको रिस शान्त भयो । त्यसपछि इ.स.१५४९ मा तलेजु भवानीको गगनचुम्बी मन्दिर तयार भयो । यस्तो अद्धितीय मन्दिर देखेपछि सबैजना हर्षले गद्गद् भए । राजाले आफ्नो नाममा बनेको चाँदीको रुपियाँ तलेजु भवानीलाई चढाए । त्यस चाँदीको मुद्रामा 'काष्ठमण्डपस्याधिपति श्रीश्रीश्री महेन्द्रमल्ल देवस्य' भन्ने अभिलेख थियो ।


आज काठमाडौं उपत्यकामा तलेजु भवानीको यो गगनचुम्बी देवल नेपाली वास्तुकलाको अद्धितीय नमुना भएर उभिएकै छ । नेपालको राष्ट्रिय सम्पदामा यस देवलको सर्वोपरि स्थान छ । दसैंको महानवमीको दिन वर्षको एक पटक यो मन्दिर सबै जनाका लागि खुल्छ ।

धन्य हुन्, यस्तो गगनचुम्बी विशालकाय देवल बनाउन जान्ने हाम्रा ती अज्ञात कलाकार र कालिगडहरू !


# २ पाटनको कृष्णमन्दिर

ललितपुर सहरमा एउटा गजबको मन्दिर छ । यो मन्दिर ढुङ्गै ढुङ्गाले बनेको छ । यो श्रीकृष्ण भगवान्‌को मन्दिर हो । यो मन्दिर मल्ल राजा सिद्धिनरसिंहले बनाएका हुन् । उनी धर्मात्मा राजा थिए ।

एकचोटि राजाले सपनामा भगवान् श्रीकृष्णले बाँसुरी बजाइरहेको देखे । सपनामा राजालाई भगवान् श्रीकृष्णले भनेछन्, "हेर राजा, तिमी निकै धर्मात्मा रहेछौ । तिमीले मेरा लागि एउटा सुन्दर मन्दिर बनाइदिनू । म त्यसै मन्दिरमा बस्नेछु ।"



त्यसपछि राजा सिद्धिनरसिंह मल्लले आफ्नो दरवारको नजिकै ढुङ्गै ढुङ्गाको एउटा सुन्दर मन्दिर बनाउन लगाए । यो मन्दिर इ.स.१६३७ मा बनेको हो । यो मन्दिर बनाउन सात वर्ष लागेको थियो । त्यस ढुङ्गाको मन्दिरमा २१ ओटा सुनका गजूर छन् । मन्दिरको तल्लो तलाको भित्तामा रामायण र माथिल्लो तलाको भित्तामा



महाभारतका सम्पूर्ण लीला मूर्ति-चित्रको रूपमा कुँदिएका छन् । मन्दिरको दोस्रो तलाको मध्यभागमा भगवान् श्रीकृष्णको प्रस्तर मूर्ति स्थापना गरिएको छ । बाहिरी भागमा चारैतिर भगवान् विष्णुका दस अवतारका सुन्दर मूर्तिहरू - मत्स्य, कूर्म, वराह, नृसिंह, वामन, परशुराम, राम, बलराम (कृष्णको ठाउँमा) बुद्ध र कल्की पनि सजाइएका छन् ।

मन्दिरको सामुन्ने चारपाटे ढुङ्गाको एउटा अग्लो खम्बा छ । त्यस खम्बाको टुप्पोमा गरुडको ठूलो मूर्ति छ । पंक्षिराज कहलिने गरुड भगवान् श्रीकृष्णको अति प्यारो वाहन हो ।

भगवान् श्रीकृष्णको यो अति सुन्दर मन्दिर बनाउन लगाउने राजा सिद्धिनरसिंह मल्ल परलोक भइसकेको पनि आज ३५० वर्ष नाघिसक्यो । तर ती राजाले आफ्नो सपना बमोजिम बनाएर छोडेको भगवान् श्रीकृष्णको यो अनौठो मन्दिर भने ललितपुरको मङ्गलवजारमा जस्ताको तस्तै छ ।

प्रत्येक वर्ष भदौ महिनामा कृष्णजन्माष्टमीका दिन पाटनमा भगवान् श्रीकृष्णको यस मन्दिरमा ठूलो मेला लाग्दछ । पूजाआजा र जात्रा हुन्छ । त्यस अवसरमा भगवान् श्रीकृष्णको पूजा अर्चना र दर्शनका लागि हाम्रा राजारानीहरूको पनि सवारी हुने परम्परा छ । असङ्ख्य भक्तजनहरू मन्दिरका पेटी र सेरोफेरोमा जम्मा हुन्छन् । पूजाआजा गरी तेलवत्ती बाल्छन् । भजन कीर्तन गर्छन् र नाच्छन् पनि ।

शिखर शैलीमा बनिएको भगवान् श्रीकृष्णको यो मन्दिर नेपाली प्रस्तर कलाको एउटा बेजोड नमुना भएको छ । अब त यो मन्दिर नेपालको मात्र राष्ट्रिय सम्पदा नभएर विश्वकै सम्पदा सूचीमा दर्ता भइसकेको छ । विश्वका अनेक मुलुकहरूबाट पाटन घुम्न आउने पर्यटकहरू यो कृष्ण मन्दिर देखेपछि मन्त्रमुग्ध हुन्छन् । यसैले यो मन्दिर विश्वप्रसिद्ध छ ।

# ३ हिरण्यवर्ण महाविहार


काठमाडौं उपत्यकामा धेरै मन्दिर, चैत्य र विहारहरू छन् । ललितपुरमा एउटा प्रसिद्ध विहार छ । यस विहारको नाम हिरण्यवर्ण महाविहार हो । यो विहार राजा भास्कर वर्माले बनाएका हुन् । यो विहार बन्नुपछाडिको कथा यस्तो छ -

एकचोटि राजा भास्कर वर्मालाई सपनामा शाक्यमुनि बुद्धबाट यस्तो आज्ञा भएछ, "हे राजा, तिमीले मेरा लागि न्हुवाहा: (नयाँ विहार) त बनाउन लगायौ तर मलाई यहाँ बस्न कति पनि मन छैन । यो ठाउँ पूजा गर्न आउने भक्तहरूका लागि पायक परेन । त्यसैले मेरो निमित्त यस्तो ठाउँ पत्ता लगाउनू जहाँ मूसाहरू देखेर बिरालाहरू भागाभाग गर्छन् ।"

यस्तो अनौठो सपना देखेपछि राजा ज्यादै चिन्तित भए । उनले तुरुन्तै ज्योतिषीहरूसँग सल्लाह गरे । अनि मूसाहरू देखेर बिरालाहरू कुलेलाम ठोक्ने ठाउँको खोजीमा आफ्ना मानिसहरू पठाए ।

संयोगवश एकदिन न्हूबाहा:को सेरोफेरोमा क्काय भन्ने ठाउँमा बिरालोलाई लखेट्ने मूसाको खोजीमा लागेका मानिसहरूले सुनौलो शरीर र हीराझैँ टल्कने आँखा भएको एउटा विचित्रको मूसाले नभन्दै एउटा ढाडे विरालोलाई लखेटिरहेको देखेछन् ।





यो कुरो राजा भास्कर वर्माले थाहा पाएर उनी अत्यन्त हर्षित भए । उनी आफैँ पनि त्यस ठाउँमा गए । सुनौलो मुसोले ढाडे बिरालोलाई लखेट्दै गरेको अद्भूतको दृश्य पनि हेरे । उनले त्यस ठाउँमा एउटा राम्रो विहार बनाउन लगाए । त्यहीं शाक्यमुनि बुद्धको मूर्ति पनि स्थापना गरिदिए ।

राजा भास्कर वर्माको पालामा बनेको त्यो विहार आज पनि ललितपुर क्कायमा विद्यमान छ । यो विहार 'भास्कर वर्मा संस्कारित हिरण्यवर्ण महाविहार' नामले प्रसिद्ध छ । स्थानीय मानिसहरू आफ्ना मातृभाषामा यस विहारलाई 'काक:बाहा:' भन्छन् ।

संस्कृत भाषामा 'हिरण्य' को अर्थ 'सुन' हुन्छ । अनि 'हिरण्यवर्ण महाविहार' भन्नाले सुनौलो रूप भएको ठूलो विहार भन्ने अर्थ आउँछ । यस विहारको सम्बन्ध सुनौलो रूप भएको मुसासँग भएकोले यस बिहारलाई सुनौलो पारिराखेको पाइन्छ । यसैले यस महाविहारलाई 'दि गोल्डेन टेम्पल' पनि भन्छन् । आज पनि यस महाविहारमा भगवान् बुद्ध स्थापना गरिराखेको कुटागारमा सयौं सानाठूला मूसाहरू कसैको डरनमानी उफ्रिरहेका र डुलिरहेका देखिन्छन् । यहाँको मूसाहरूलाई समाउन र मार्न निषेध गरिराखेको छ । यो हिरण्यवर्ण महाविहारको सौन्दर्य अचम्मको छ ।

# ४ विष्णुविक्रान्तको अनुपम मूर्ति




नेपालका पुराना राजाहरू कलाप्रेमी थिए । उनीहरू आफ्ना शासनकालमा मठ, मन्दिर, चैत्य र विभिन्न मूर्तिहरू बनाउन लगाउँथे । त्यतिबेला बनेका अति राम्रा मूर्तिमध्ये लाजिम्पाटको विष्णुविक्रान्तको मूर्ति पनि एक हो । नेपाली कलाको इतिहासमा यस मूर्तिलाई एक अनुपम मूर्तिका रूपमा लिइन्छ । यस मूर्तिका बारेमा पढौँ, है त ।

आजभन्दा पन्ध्रसय वर्षअघि हाम्रो देश नेपालमा धर्मदेव नाम गरेका एकजना राजा थिए । असल स्वभाव र राम्रो विचारका राजा भएकाले सबैजना उनलाई माया र आदर गर्थे । तर के गर्नु र, कालको ओखती छैन । एकदिन यी राजाको मृत्यु हुनगयो । यिनकी महारानी राज्यवती विधवा भइन् । उनलाई पति वियोगबाट ठूलो चोट पर्‍यो ।

बाबुको मृत्युपछि राजा भएका मानदेवले आफ्नी आमा राज्यवतीको विरही मनलाई शान्त पार्न राजपत्तन (आजको लाजिम्पाट) मा एउटा विशाल मन्दिर बनाउन लगाए । मन्दिर बनेपछि राजाले त्यस नयाँ मन्दिरमा विष्णुविक्रान्त (भगवान् विष्णुको पाँचौ अवतार वामन) को अनुपम प्रस्तर मूर्ति स्थापना गरिदिए । भव्य मन्दिर र विष्णुविक्रान्त भगवान् वामनको सुन्दर कलात्मक मूर्ति देखेपछि मुमा महारानी राज्यवतीको विरही मन शान्त हुँदै गयो ।

विष्णुविक्रान्तको त्यस मूर्तिसँग एउटा रोचक कथा गाँसिएको छ । धेरै पहिले बली नाम गरेका वीर राजा थिए । एकपटक बलीले अश्वमेघ यज्ञ गर्न लागेका थिए । उनको यो वीरता थाहा पाएपछि, स्वर्गका राजा इन्द्र खूब डराए । आफ्नो सुरक्षाका लागि उनी भगवान् विष्णुको शरणमा पुगे । भगवान् विष्णुबाट आज्ञा भयो, "हे देवराज इन्द्र, तपाईं नडराउनुस् । राजा बलिको अश्वमेघ यज्ञलाई म विध्वंश पार्नेछु ।" त्यसपछि भगवान् विष्णुले वामनको अवतार लिई चमत्कार देखाउन लाग्नुभयो ।

भगवान् विष्णु एकजना बामपुड्के (वामन) को भेषमा राजा बलिले अश्वमेघ यज्ञ गर्न लागेका ठाउँमा आइपुगे । उनले दानी राजा बलिसँग पठनपाठनका लागि आश्रम बनाउन जम्मा तीन पाद भूमि (तीन पाइलाले टेक्दा हुने जमिन) मागे । अनि राजा बलिले छक्क पर्दै भने, "यो बामपुड्के वटुकले केके न माग्ला भनेर विचार गरेको त यसले तीन पाइला भूमि पो मागेछ !" त्यसपछि राजा बलिले 'तथास्तु' भने । तथास्तु भनेको हुन्छ दिएँ भनेको हो ।



त्यस मूर्तिमा वामनको रूप धारण गरेको भगवान् विष्णुको विक्रान्त रूप देखाइएको छ । विष्णुले आफ्नो पहिलो पाउले सम्पूर्ण आकाश, दोस्रो पाउले सम्पूर्ण पृथ्वी ढाकेपछि, तेस्रो पाउले दानी राजा बलिलाई नै पाताल पुऱ्याउन खोजेको दृश्य छ । तर राजा बलि आफूले दान पुण्य गर्दा उल्टो सजाय भोग्नु परेता पनि कति विचलित नभएको दृश्य पनि त्यसमा देखाइएको छ । बरु उनले आफू पातालमा मात्र जानु परेपछि भगवान् विष्णुलाई पनि उतै पातालमा लाने विचार गरे । यसैले उनले विक्रान्तरूपी भगवान् विष्णुको पाउ बेसरी अठयाएर तान्न लागेको दृश्य पनि त्यहाँ देखाइएको छ ।

त्यस अनौठो ढुङ्गाको मूर्तिमा दानी राजा बलिलाई पातालमा नै पुऱ्याएको दृश्य त छैन तर त्यस मूर्तिसँग जोडिएको कथाअनुसार पातालमा पुगेका राजा बलिले विष्णुविक्रान्त भगवान्‌लाई पनि तानेर पातालमा नै पुऱ्याएका थिए ।

आखिर राजा बलिको पञ्जाबाट उम्किनका लागि वामन अवतार भगवान् विष्णुले उनीसँग सत्य वाचा गर्दै भन्नुभयो, "हे दानी राजा बलि, तिम्रो दान पुण्यदेखि म अत्यन्त प्रभावित भएँ । म तिम्रो पातालको दरबारमा चार महिनाका लागि रखवारी गर्न बस्न आउनेछु । अब मलाई तिमीले मुक्त गरिदेऊ ।"

त्यसपछि दानी राजा बलिले वामन भगवान् रूपी विष्णुलाई प्रणाम गरेर निवेदन गरे, "हे भगवान्, मैले हजुरको दर्शन पाएँ । म कृतार्थ भएँ ।"

त्यस बेलादेखि प्रत्येक वर्ष आषाढ शुल्कपक्ष एकादशीका दिन भगवान् विष्णु विष्णुलोकबाट पातालमा गई राजा बलिको दरबारमा रखवारी गर्न पुग्छन् । सो दिनको एकादशीलाई 'हरिशयनी एकादशी' (भगवान् विष्णु निदाउने) भनिएको हो । र, पातालमा चार महिनासम्मको रखवारी काम समाप्त भएपछि कार्तिक शुल्क पक्ष एकादशीको दिन भगवान् विष्णु पातालबाट फेरि आफ्नै धाम विष्णुलोकमा फर्कने क्रम सुरु हुन्छ । यस दिनको एकादशीलाई 'हरिबोधिनी एकादशी' (भगवान् विष्णु जागा हुने ) भन्छन् ।

आज काठमाडौँको राजपतन (लाजिम्पाटको धोवीचौरमा रहेको ढिस्कोमा) राजा मानदेवले आफ्नी आमा राज्यवतीका लागि बनाउन लगाएको त्यो विशाल भव्य मन्दिर धराशायी भइसकेको छ । हुनसक्छ, कुनैबेला आएको महाभूकम्पबाट त्यो मन्दिर नष्ट हुन पुग्यो होला । तर प्रस्तर (ढुङ्गा) को त्यो अद्वितीय सुन्दर मूर्ति (विष्णुविक्रान्त वामनको) भने नाश हुन पाएन । आजभोलि यो मूर्ति राष्ट्रिय सङ्ग्रहालय, छाउनीमा राखिएको छ ।


पादपीठमा तिथिमिति र अभिलेख समेत भएको भगवान् विष्णुविक्रान्तको यो मूर्ति ज्यादै हेर्नलायक छ ।

# ४ अशोक स्तम्भ



हाम्रो देश नेपालमा थुप्रै महान् व्यक्तिहरू जन्मेका छन् । विश्वमा शान्तिको सन्देश फैलाउने महामानव गौतम बुद्ध हाम्रै देशमा जन्मेका थिए । उनी पश्चिमाञ्चल नेपालको लुम्बिनीमा जन्मेका हुन् । आज युनेस्को (राष्ट्रसङ्घको शैक्षिक, वैज्ञानिक र साँस्कृतिक सङ्घ) ले गौतम बुद्धको जन्मथलो लुम्बिनी क्षेत्रलाई विश्वकै मानवमात्रको साझा सम्पदाको रूपमा विश्वसम्पदा सूचीमा दर्ता गरेको छ । यसै लुम्बिनीमा एउटा अद्वितीय सम्पदा छ । यस सम्पदाको नाम हो - 'अशोक स्तम्भ' ।

आजभन्दा बाइससय वर्षअघि मगध देशका नरेश अशोक यही लुम्बिनी क्षेत्रमा तीर्थयात्रा गर्न आएका थिए । उनी भगवान् बुद्धका अनुयायी थिए । उनैले यहाँ गौतम बुद्ध जन्मेको ठाउँ पहिल्याएर सम्झनाको रूपमा एउटा शिलास्तम्भ स्थापना गर्न लगाए । यसैलाई नै अशोक स्तम्भ भनिएको हो ।




एउटा सिङ्गो ढुङ्गोबाट बनेको यो अशोक स्तम्भको कुल उचाइ ३० फुट १० इन्च छ । यस मध्येको १३ फुट ६ इन्च भाग जमिनमुनि छ । यसको आकार गोलो परेको छ । यसको माथिल्लो भागमा चमकदार पालिस छ । यसैले यो स्तम्भ ज्यादै शालीन र सुन्दर छ ।

अशोक स्तम्भमा एउटा ज्यादै उल्लेखनीय अभिलेख छ । प्राचीन समयको ब्राह्मी लिपिले पाली भाषामा कुँदिएको त्यस अभिलेखमा एक ठाउँमा भनिएका छ - "शाक्यमुनि गौतम बुद्ध जन्मेको ठाउँ यही हो ।"

नेपालका विभिन्न भेकमा यत्रतत्र छरिएर रहेका सम्पदाहरूको महत्त्वलाई बुझी हामीहरूले तिनीहरूको सधैं संरक्षण गरिराख्नु पर्छ ।

# ६ श्वेत चैत्य



नेपाली कलाकारले नेपालमा मात्र नभएर देश विदेशमा पनि आफ्नो सीप देखाएका छन् । चीनको प्रख्यात श्वेत चैत्य यसको उदाहरण हो ।

आजभन्दा सातसय वर्षअघि चीनमा युआनवंशी सम्राटका एकजना धर्मगुरु थिए । उनको नाम 'पागसपा' थियो ।

पागसपा हाम्रै देशको सीमाना जोडिएको तिब्बतको शाक्य गुम्बामा बस्थे । यिनैले नेपालका सिपालु कालिगडहरूलाई बोलाएर शाक्य गुम्बामा बौद्ध कलाकृतिहरू निमार्ण गर्ने काममा लगाएका थिए । पछि ती कालिगडहरूका नाइकेलाई पागसपाले सम्राट कुबलाह खानका दरबारमा लगेर परिचय गराएका थिए । ती नाइकेको नाम अरनिको थियो । सम्राटले अरनिकोलाई आफ्नो राजधानी तातू (वर्तमान पेकिङ वा पैचिङ) मा नेपाली शैलीको एउटा विशाल बौद्ध स्तूप बनाएर देखाऊ भने ।

पेकिङ महानगरको फूछमन मार्गमा नेपाली कालिगडहरूको नाइकेले बनाएको त्यो विशाल गगनचुम्बी चैत्य आज पनि त्यहाँ शोभायमान भएर उभिएकै छ । त्यस चैत्यको रङ सेतो भएको हुनाले त्यसको नाम नै चिनियाँ भाषामा 'पाइथा' रहेको छ । पाइथाको अर्थ हो - सेतो चैत्य वा श्वेत चैत्य । चैत्य

बनाउने नेपाली कालिगडहरूका नाइकेलाई चिनियाँहरू 'आनिक' भनेर सम्बोधन गर्थे । आज त्यही 'आनिक' भन्ने नाम 'कलाकार अरनिको' नामबाट प्रसिद्ध भएको छ ।

कलाकार अरनिकोले बनाएको त्यो श्वेत चैत्यको उचाइ ५० मिटर छ । त्यसको शिरोभागमा रहेको ठूलो गोलाकार छत्रको व्यास १० मिटर छ । छत्रका वरिपरि चारैतिर घण्टाहरू छन् । छत्रदेखि माथिल्लो भागमा सुनको कलश आकारको गजूर छ । कलाकार अरनिकोले त्यो श्वेत चैत्य बनाउन पूरा आठ वर्ष (सन् १२७१ देखि १२७९) लगाएका थिए ।

त्यस श्वेत चैत्यको बारेमा 'हाइलान' नाम गरेका एकजना चिनियाँ विद्वानले 'अरनिकोको स्थापत्यकलासम्बन्धी नासो' भन्ने लेख लेखेका छन् । लेखमा उनले भनेका छन् -"सात सय वर्षअघि अरनिको नाम गरेका एकजना नेपाली युवक कालिगड हिमाल-पहाड चढी चीनका पीतनदी पार गरेर पेकिङ आएका थिए । युआनवंशी सम्राटहरूका निमित्त उनी आत्मसमर्पित भएर काममा लागे र चीनमा नै उनको देहावसान भयो ।"



हुन त नेपाली कलाकार अरनिकोले देखेको पेकिङ र आजको पेकिङबीच धेरै फरक भइसकेको छ। तर पेकिङ महानगरको पश्चिमपट्टिको जिल्लामा उनले बनाएको श्वेत चैत्यको त्यो दृश्य भने आज पनि जस्ताको तस्तै छ।

सन् १९८० मा श्वेतचैत्यको पूर्ण जीर्णोद्धार गरिएको छ। अहिले त्यो श्वेत चैत्य निरीक्षण गर्न पर्यटकहरूका लागि पनि खुला गरिएको छ। चीन सरकारको राज्य परिषद्ले श्वेत चैत्यलाई अमूल्य ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको रूपमा संरक्षण प्रदान गरेको छ।

आजभन्दा ७०० वर्षअघि नेपाली कलाकार अरनिकोले बनाएको त्यो विशालकाय श्वेतचैत्य र त्यससँग जोडिएको बौद्ध महाविहार चिनियाँ र नेपाली जनताका बीचमा परम्परागत रूपमा रहिआएको मित्रता र साँस्कृतिक सम्बन्धको एउटा अनुपम प्रतीकका रूपमा युगौँसम्म रहिरहने छ।

चीनको महानगरी पेकिङमा श्वेतचैत्य बनाएर नेपालको नाम र गौरव फैलाएर जाने कलाकार अरनिकोलाई श्री ५ को सरकारले मरणोपरान्त 'राष्ट्रिय विभूति' को उपाधिद्वारा विभूषित गरेको छ। यस्ता अमर कलाकारहरूलाई हामीले सधैं सम्झिराख्नु पर्छ।

## केही कठिन शब्द र तिनका अर्थ

अग्रदूत - कुनै पनि कुरामा सबभन्दा अघि बढेको व्यक्ति

अर्चना - पूजा

अज्ञात - थाहा नभएको

अद्‌भुत - अनौठाको, उदेक लाग्दो

अद्वितीय - तुलना गर्ने अर्को व्यक्ति नभएको, बेजोड

अनुपम - उपमा नभएको

अनुयायी - समर्थक, भक्त

अभिलेख - पुरानो लेख

आकाशवाणी - आकाशबाट बोलिने बोली, देववाणी

आत्मसमर्पित - आत्मैदेखि लागेका

इष्ट - आफूलाई मनपर्ने, प्रिय

उपाधि - पदवी, पद

ओजस्वी - प्रभावशाली, खाइलाग्दो

कृतार्थ - काम सिद्ध हुनाले खुसी भएको

गगनचुम्बी - धेरै अग्लो, आकाशको माथिमाथि पुगेका

चमत्कार - अचम्म, आश्चर्य

चैत्य - बौद्ध धर्मको स्तुप

जीर्णोद्धार - सजसाज गर्ने काम

दानी - धेरै दान गर्ने, दाता

दुर्दशा - आपत्‌विपत्

धराशायी - जमिनमा लडेको, ढुङ्गामाटोमा मिलेको

निरीक्षण - हेर्ने काम

निर्माण - बनाउने काम

निषेध - मनाही, रोक लगाउने काम

परलोक - मरेपछि पुगिने ठाउँ, स्वर्ग

परिचय - चिनजान

पर्यटक - घुमफिर गर्ने मानिस

पाताल - पृथ्वीभन्दा तलको लोक

पुण्य - शुभ, असल

प्रतीक - चिह्न

प्रदान - दिने काम, दान, समर्पण

प्रस्तर - ढुङ्गो

भूक्षय - जमित नासिने काम

मन्त्रमुग्ध - मोहित पारिएको

मरणोपरान्त - मरिसकेपछि

रखबारी - देखभाल

रोचक - रमाइलो, आकर्षक

लीला - चरित्र, खेल

वटुक - बालक, केटो

वास्तुकला - भवन निर्माण गर्ने शिल्प वा सीप

विक्रान्त - हिम्मती, साहसी

विचलित - आफ्नो लक्ष्यबाट हटेको

विध्वंश - नाश

वियोग - विछोड

विरही - दुःखी

विहार - बौद्ध भिक्षुहरू बस्ने मठ

विशालकाय - ज्यादै ठूलो

शालीन - शिष्टता र नम्रता भएको

शिखर - चुचुरो, टाकुरो

शैली - काम गराइको ढाँचा

शोभायमान - धेरै सुहाएको

संरक्षण - सुरक्षा

सम्पदा - सम्पत्ति

सम्वर्द्धन - बढाउने काम

सर्वोपरि - सबैभन्दा माथिको, सबैभन्दा बढी


सौन्दर्य - राम्रोपना

स्थापत्यकला - घर देवालय बनाउने सीप

हर्षित - प्रसन्न, खुसी भएको

AC.1047


# विचार पुऱ्याऔं है





सडकमा नखेलौं ।





ट्राफिक चिन्हहरू भत्काउन/बिगार्न हुँदैन ।





निर्माणस्थलमा नझुम्मिऔं ।




सुरक्षित भएर हिंडौं ।




ट्राफिक चिन्हहरू सडक प्रयोगकर्ताहरूकै सुरक्षाका लागि राखिएका हुन् ।




निर्माणस्थलबाट टाढा रही सुरक्षित रहौं ।

**सडक हाम्रै सम्पत्ति हो, यसको ठीक प्रयोग गरौं ।**

श्री ५ को सरकार/जापानी सहायता नियोग • ट्राफिक इन्जिनियरिङ तथा सुरक्षा एकाइ/सडक विभाग • नीप्पन को.ई./हाजामा-ताइशि जे.भी.

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
२०५९